२०६६ साल साउन २८ गते रोज ४ का दिन ०९.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. जाजरकोट तथा रुकुमका झाडापखाला प्रभावितका लागि राहत प्याकेज बारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।५८-०६६।४।२६ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" मा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

   (क) सम्बन्धित मन्त्रालय तथा निकायहरूले प्रस्तावसाथ संलग्न प्याकेजको अनुसूची १ मा उल्लिखित कार्यहरु अर्थ मन्त्रालयसंग समन्वय गरी विस्तृत कार्ययोजना बनाई तत्काल कार्यान्वयन गर्ने ।

   (ख) यसका लागि प्रस्तावमा उल्लिखित रकम अर्थ मन्त्रालयले निकासा दिने ।

२. "हज व्यवस्थापन कार्यविधि, २०६६ स्वीकृत गर्ने" विषयको गृह मन्त्रालयको नं. ६।२९-०६६।३।१२ को प्रस्तावमा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल र परिमार्जन गरी पेश गर्ने ।" निर्णय भएबमोजिम मन्त्रिपरिषद् विधेयक समितिमा छलफल भई परिमार्जन गरिएको यसैसाथ संलग्न "केन्द्रीय हज समिति कार्यविधि, २०६६" स्वीकृत गर्ने ।

२०६६ साल साउन २५ गते रोज १ का दिन १४.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. मानव अधिकारसम्बन्धी Universal Periodic Report र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि अन्तर्गतको तेस्रो आवधिक प्रतिवेदन तयार गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।३४-०६६।४।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. The Impact of the Global Economic Slowdown on Poverty and Sustainable Development in Asia and the Pacific विषयक उच्चस्तरीय क्षेत्रीय सम्मेलनमा प्रतिनिधि पठाउने (सचिव-राजस्वको नेतृत्वमा) विषयको अर्थ मन्त्रालयको नं. २।३६-०६६।४।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. Responsiveness and Adaptability of the IFIs and Their Role In Fostering Sustainable Global Growth विषयक उच्चस्तरीय परामर्श बैठकमा भाग लिन पठाउने (सचिवलाई) विषयको अर्थ मन्त्रालयको नं. २।३८-०६६।४।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. नेपाल औद्योगिक विकास निगम लि.को महाप्रबन्धक पदमा नियुक्ति गर्ने (श्री शिवजी राय यादवलाई) विषयको उद्योग मन्त्रालयको नं. ३।१३-०६६।४।१६ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत रहेको “श्री शिवजी राय यादवलाई” भन्ने व्यहोरा पछि “बढीमा” भन्ने शब्द राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. अस्थायी दरवन्दी सृजना गर्ने विषयको गृह मन्त्रालय को नं. ६।५१-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. संविधान सभा निर्वाचनको क्रममा मृत्यु भएका प्रहरी कर्मचारीहरुको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं.६।५६-०६६।४।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. स्व. अखिलेन्द्रप्रसाद यादव र स्व. हिमाल भन्ने लक्ष्मण राय यादवलाई आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं.६।६०क-०६६।४।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. गणतन्त्र भारतको भ्रमणमा जाने (मा. मन्त्रीको नेतृत्वमा) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।२०-०६६।४।२५ को प्रस्ताव - प्रस्तावसाथ संलग्न अनुसूची १ को क्र.सं. ८ मा पत्रकार एक जना थप गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. गोष्ठी तथा अध्ययन भ्रमणमा भाग लिन पठाउने (सचिवलाई) विषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।९-०६६।४।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. गोष्ठीमा भाग लिन पठाउने (उपरथी शिवराम प्रधानलाई) विषयको रक्षा मन्त्रालयको नं. १२।३६-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. ISSN National Centre ले ISSN International Centre लाई सदस्यता शुल्कवापत लाग्ने वार्षिक शुल्क तिर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।१०-०६६।४।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. इजरायल भ्रमण (मा. मन्त्रीको नेतृत्वमा) गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।१०-०६६।४।१९ को प्रस्ताव - प्रस्तावमा लेएिबमोजिम गर्ने ।

१३. ११ औ एशियन आर्टस फेष्टिवलमा सहभागी हुने (मा.मन्त्रीको नेतृत्वमा) विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।१५-०६६।४।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. सांस्कृतिक संस्थानको अध्यक्ष र महाप्रबन्धकको अवकाश विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।१६-०६६।४।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. लुम्बिनी विकास कोषका पदाधिकारीहरुको अवकाश तथा उपाध्यक्षको नियुक्ति विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।१७-०६६।४।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. चालु आ.व.का लागि थप बजेट माग विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१६-०६६।४।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिको अध्यक्षको मनोनयन गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।३६-०६६।३।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. मं.प.बै.सं. १४।०६६ मिति २०६६।३।१७ को बैठकबाट “सम्पत्ती शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०६६ स्वीकृत गर्ने” विषयको अर्थ मन्त्रालयको नं. २।२२-०६६।३।११ को प्रस्तावमा “मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल तथा परिमार्जन गरी पेश गर्ने ।” निर्णय भएबमोजिम मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल भई सिफारिश भएअनुसार प्रस्तावसाथ संलग्न “सम्पत्ती शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०६६” स्वीकृत गर्ने ।

१९. “कानुन किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६ स्वीकृत गर्ने” विषयको कानून तथा न्याय मन्त्रालयको नं. ४।२१-०६६।३।२१ को प्रस्तावमा “मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल र परिमार्जन गरी पेश गर्ने ।” निर्णय भएबमोजिम मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल भई सिफारिश भएअनुसार देहायबमोजिम मिलाई उक्त “कानुन किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६” स्वीकृत गर्ने -

“कानुन किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६” को -

दफा ३ को उपदफा (२) को खण्ड “(च) महानिर्देशक, साझा प्रकाशन - सदस्य” भन्ने व्यहोराको सट्टा देहायको खण्ड (च) राख्ने -

“(च) प्रतिनिधि (सहसचिवस्तर), महान्यायाधिवक्ताको कार्यालय - सदस्य” ।

२०६६ साल साउन १९ गते रोज २ का दिन १६.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. Building a Local Government Alliance for Disaster Risk Reduction कन्फरेन्समा भाग लिने (मा.मन्त्रीले) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।१२-०६६।४।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. नेपाल सरकारको निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीमा कार्यरत तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री उमेशप्रसाद मैनालीले मिति २०६६।४।२० गतेदेखि लागू हुनेगरी निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम नेपाल सरकारको निजामती सेवाबाट स्वैच्छिक अवकाशका निमित्त निवेदन दिनुभएअनुसार वहाँले माग गर्नुभएको मितिदेखि नै लागू हुनेगरी स्वैच्छिक अवकाश स्वीकृत गर्ने । साथै, वहाँलाई नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही गर्नुभएको सेवाका निमित्त धन्यवाद दिंदै उज्ज्वल भविष्यको कामना गर्ने ।

३. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा १८. को उपदफा (२) बमोजिमको समितिले सिफारिश गरेबमोजिम देहायबमोजिम सरुवा गर्ने -

| क्र.सं. | नाम थर | हालको पद र कार्यरत निकाय | सरुवा गर्नका लागि प्रस्तावित पद र निकाय |
|---|---|---|---|
| १. | श्री बाबुराम आचार्य | सचिव, प्रधानमन्त्री तथा मं.प.को कार्यालय | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| २. | श्री वामनप्रसाद न्यौपाने | सचिव, प्रधानमन्त्री तथा मं.प.को कार्यालय | सचिव, राष्ट्रपतिको कार्यालय |
| ३. | डा. रामहरि अर्याल | सचिव, राष्ट्रपतिको कार्यालय | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४. | श्री शंकरप्रसाद कोइराला | सचिव, तत्कालीन जलस्रोत मन्त्रालय | सचिव, ऊर्जा मन्त्रालय |
| ५. | श्री शंकरप्रसाद पाण्डे | सचिव, कृषि तथा सहकारी मन्त्रालय | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ६. | श्री रामचन्द्रमान सिंह | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७. | श्री श्यामप्रसाद मैनाली | सचिव, युवा तथा खेलकुद मन्त्रालय | सचिव, स्थानीय विकास मन्त्रालय |
| ८. | डा. उदयराज शर्मा | सचिव, वन तथा भू-संरक्षण | सचिव, वातावरण मन्त्रालय |
| ९. | श्री युवराज पाण्डे | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| १०. | श्री पुण्यप्रसाद न्यौपाने | सचिव, स्थानीय विकास मन्त्रालय | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| ११. | श्री सुशिल ज.ब.रा. | सचिव, निर्वाचन आयोग | सचिव, युवा तथा खेलकूद मन्त्रालय |
| १२. | डा.ब्रज किशोर प्रसाद शाह | सचिव, सार्वजनिक ख.अनुगमन कार्यालय | सचिव, कृषि तथा सहकारी मन्त्रालय |
| १३. | श्री दिनेशहरि अधिकारी | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, प्रशासन पुनःसंरचना आयोग |
| १४. | श्री युवराज भुसाल | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन | सचिव, वन तथा भू-संरक्षण |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालयको अतिरिक्त समूह | मन्त्रालय |
| १५. | श्री दीप बस्न्यात | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव (भौतिक योजना), भौतिक योजना तथा निर्माण मन्त्रालय |
| १६. | श्री श्रीराम पन्त | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | संयोजक, मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समिति |
| १७. | श्री केशवप्रसाद भट्टराई | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, लोक सेवा आयोग |
| १८. | श्री प्रतापकुमार पाठक | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, उद्योग मन्त्रालय |
| १९. | श्री मदनकुमार भट्टराई | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ( काज परराष्ट्र मन्त्रालय) |
| २०. | श्री निरञ्जन बराल | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिका |
| २१. | श्री सुशील घिमिरे | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, सूचना तथा सञ्चार मन्त्रालय |
| २२. | श्री नवीनकुमार घिमिरे | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, रक्षा मन्त्रालय |
| २३. | श्री कृष्ण ज्ञवाली | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव (नगरपालिका व्यवस्थापन), स्थानीय विकास मन्त्रालय |
| २४. | श्री रुद्रकुमार श्रेष्ठ | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा |
| २५. | श्री किशोर थापा | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, जल तथा ऊर्जा आयोग |
| २६. | श्री कृष्णहरि बाँस्कोटा | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव (राजस्व), अर्थ मन्त्राय |
| २७. | श्री मोदराज डोटेल | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय |
| २८. | श्री विनोद ज्ञवाली | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | समन्वयकर्ता, शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय |
| २९. | श्री ध्रुवप्रसाद शर्मा (दोरङ्गा) | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३०. | श्री यज्ञप्रसाद गौतम | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, निर्वाचन आयोग |
| ३१. | श्री नाथुप्रसाद चौधरी | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, उप-राष्ट्रपतिको कार्यालय |
| ३२. | श्री रामस्वरुप सिन्हा | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव (आधारभूत शिक्षा), शिक्षा मन्त्रालय |
| ३३. | श्री गणेशराज जोशी | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग |
| ३४. | श्री नगेन्द्रप्रसाद घिमिरे | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ३५. | श्री धनराज रताला | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन | का.मु. क्षेत्रीय प्रशासक, |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालयको अतिरिक्त समूह | क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत |

४. निजामती सेवा ऐन, २०४९ को दफा १८. को उपदफा (२) बमोजिमको समितिको सिफारिशमा नेपाल सरकारको निजामती सेवा, नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरुलाई न्याय सेवा आयोगबाट समर्थन गराउने गरी देहायबमोजिम सरुवा गर्ने -

| | | | |
|---|---|---|---|
| १. | डा. त्रिलोचन उप्रेती | सचिव (संविधानसभा व्यवस्था), संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री प्रमोदकुमार कार्की | सचिव, प्रधानमन्त्री तथा मं.प.को कार्यालय | सचिव, संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय |

५. व्यवस्थापिका-संसद, महिला, बालबालिका तथा समाजकल्याण समितिको मिति २०६६।४।१५ गतेको बैठकले “झाडा पखालाको प्रकोपबाट अत्यधिक प्रभावित जाजरकोट, रुकुम, दैलेख, कालिकोट, रोल्पा, डोल्पा, प्यूठान, दाङ्ग, सुर्खेत, वाजुरा, अछाम, डोटी, बैतडी, कञ्चनपुर, कैलाली लगायतका मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरुमा पठाइने राहत प्याकेज यथाशीघ्र प्रभावित क्षेत्रमा पठाउने आवश्यक व्यवस्था मिलाउन एवं यस्तो प्रकोप अन्य क्षेत्रमा समेत फैलन सक्ने सम्भावना प्रति सचेत रही त्यसको निराकरणका लागि तयारी अवस्थामा रहन नेपाल सरकारलाई निर्देशन दिने ।” भन्ने निर्णयको व्यहोरा अवगत भयो ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५० बमोजिम देहायका मुलुकमा रहेका नेपाली राजदूतावासमा रिक्त राजदूत पदमा नियुक्तिको लागि देहायबमोजिमका महानुभावहरुलाई सम्भाव्य उम्मेदवारमा सिफारिश गर्ने र सोबमोजिम सिफारिश भएका व्यक्तिहरुको नाम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को प्रयोजनका लागि व्यवस्थापिका संसद समक्ष पठाउने तथा व्यवस्थापिका संसदबाट अस्वीकृत नभएमा निजहरुको नाम नियुक्तिका लागि नेपाल सरकारका मुख्य सचिवले सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने-

(क) संयुक्त राज्य अमेरिकाका लागि डा. शंकरप्रसाद शर्मा, ज्ञानेश्वर, काठमाडौं

(ख) भारतका लागि श्री रुक्म शम्शेर ज.व.रा., बत्तीसपुतली, काठमाडौं